# स्थानिय राजपत्र

# भाग-१

**अनुसूची- २**

(दफा ४ तथा अनसूची-१ को भाग-१ सँग सम्बन्धित)

## अपिहिमाल गाउँपालिका

**खण्ड ६ संख्या १ मिति २०७९/०३/१०**

**राजपत्रको प्रकाशन मिति २०७९।०३।१३**

# अपिहिमाल  गाउँपालिका स्थानीय तहको आर्थिक ऐन २०७९

## भाग-१  खण्ड  ६  संख्या  १

| | |
|---|---|
| सभाबाट स्वीकृत मितिः- | २०७९/०३/१० |

अपिहिमाल गाउँपालिका

खण्डेश्वरी, दार्चुला

सुदुरपश्चिम प्रदेश

स्थानीय तहको आर्थिक ऐन २०७९.

**प्रस्तावना**: अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०७९/२०८०को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम अपिहिमाल गाउँपालिका सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७९" रहेको छ।

(२) यो ऐन २०७९ साल श्रावण १ गतेदेखि अपिहिमाल गाउँपालिका क्षेत्रमा लागू हुनेछ।

२. **सम्पति कर**: गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत/ सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

३. **भूमि कर (मालपोत)**:गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ। *(एकीकृत सम्पत्ती कर लगाएको अवस्थामा भूमि कर नलाग्ने*)

४. **घर जग्गा वहाल कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

५. **व्यवसाय कर**: गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर**: गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **मनोरञ्जन कर**: गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय(महोत्सव/ड्रामा)सेवामा अनुसूचि (६) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

८. **बहाल बिरौटी कर**:गाउँपालिका क्षेत्रभित्र सञ्चालन गरिने हाँट वजारको वेला सञ्चालनमा रहेका पसल ,फेरिमा समान वेच्ने घुमन्ते व्यक्ति अनुसूचि (७) बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत् गाउँपालिकाको संचित कोषमा बाँडफाँड गर्नुपर्नेछ।

९. **सेवा शुल्क, दस्तुर**: गाउँपालिका निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ।

१०. **विज्ञापन कर**: गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (८) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

११. **बालुवा/गिट्टी कर:**यस अपिहिमाल गाउँपालिका भित्र निर्माण गरिने ठुला तथा साना आयोजनाहरुमा प्रयोगहुने बालुवा/गिट्टी सम्वन्धी कर अनुसूची (९)बमोजिम हुने छ।

१२. **कर छुट:**यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन।

१३. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि:** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ।

१४. दण्ड जरिवाना सम्वन्धी शुल्क विषयगत ऐन/कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ।

## अनुसूची (१)

**एकीकृत सम्पति कर लगाउने सम्बन्धमा आवश्यक अध्ययन गरी निर्धारण गरिने छ।**

| भूमीकर वार्षिक | | | | | |
|---|---|---|---|---|---|
| | | न्युनतम १० रोपनी सम्म कर रु. ७० | | थप प्रति रोपनी रु.८ | |
| सि.नं. | वर्ग | खेत | पाखो | खेत | पाखो |
| १ | अब्बल | | | | |
| २ | दोयम | | | | |
| ३ | सीम | | | | |
| ४ | चाहार | | | | |
| **बाझो जमिन राख्ने किसानलाई प्रति रोपनी हाल तिरेको रकमको दोव्वर तिर्नु पर्नेछ।** | | | | | |

## अनुसूची (२)

| क्र.सं. | घरको कसिम | घर कर रु. प्रति तला वार्षिक | | |
|---|---|---|---|---|
| | | त्ला | आवासिय प्रयाजेन | व्यवसायिक प्रयाजेन |
| १ | ढलान भएको | १त,२त,३त | १००,१५०,२०० | २००,२५०,३५० |
| २ | सिलेटले छाएको | १त,२त,३त | ५०,७५,१०० | १००,१५०,२०० |
| ३ | खर वा<br>जस्ता पाताले छाएको | १त,२त,३त | ५०,७५,१०० | ७५,१००,१२५ |
| ४ | खर ले छाएको | १त,२त,३त | २५,५०,७५ | २५,५०,७५ |
| ५ | आधा ढलान,आधा ढलाननभएको | १त,२त,३त | ७५,१००,१२५ | १००,१५०,२०० |

## अनुसूची (३)

| सि.नं. | घरबहाल कर |
|---|---|
| १ | बहाल रकमको १० प्रतिशत |

## अनुसूची (४)

| व्यवशाय कर | | | |
|---|---|---|---|
| क्र.सं. | व्यावशायको किसिम | कर रु (वार्षिक) | |
| | | थोक विक्रेता | खुद्राविक्रेता |
| १ | ज्वलरी सुन चाँदीपसल | | ८००० |
| २ | भिडियो क्यामेरा फोटो पसल | | २००० |

| | | | |
|---|---|---|---|
| ३ | इलेक्ट्रिक सामानको पसल (घडी, रेडियो, टि.भी.मोवाइल मर्मत) | | २००० |
| ४ | भाँडा पसल | | १००० |
| ५ | वित्तीय बैंक नेपाल सरकारको स्वामित्व वाहेक | | १०,००० |
| ६ | बहुउद्देश्यीय सहकारी संस्था | | ५००० |
| ७ | कृषि सहकारी संस्था | | १००० |
| ८ | औषधीपसल | | ३००० |
| ९ | दाँतबनाउँने | | ३००० |
| १० | निजी क्षेत्रकाविद्यालय | | |
| | क) आधारभूततह | | |
| | ख) प्राविधिक शिक्षालय वा क्याम्पस | | |
| ११ | गै.स.सं. | | १००० |
| १२ | अन्तरराष्ट्रिय गै.स.सं. | | ३००० |
| | ठेक्कापट्टा (व्यक्तिगत ग) | | |
| | "घ" वर्ग ईजाजत पत्र दस्तुर | | १५००० |
| १३ | "घ" वर्ग ईजाजत पत्र नविकरण | | ५००० |
| १४ | मासु पसल | | १५०० |
| | डेरी पसल | | ५०० |
| | कपडा पसल | | १५०० |
| | सूचीकार । टेलर्स | | १००० |
| १५ | राइस मिलकुटनीपीसानी | | १००० |
| १६ | अन्य सबै प्रकारका किराना पसल समेत | | २००० |
| १७ | संघ संस्था तथा क्लव दर्ता | | १००० |
| १८ | घट्ट सार्वजनिक | | १५० |
| | निजि | | २०० |
| १९ | काष्ट तथा फर्निचर उद्योग | | ५००० |
| २० | पोल्टीँ फर्म | | २५०० |
| २१ | कृषि फर्म | | १००० |
| २२ | ऋण तथा वचत सहकारी संस्था | | ३००० |
| २३ | मदिरा होलसेल | | २०००० |
| २४ | होटेल | | २००० |
| २५ | खुद्रा मदिरा पसल | | ५००० |
| २६ | सुर्ति जन्य पदार्थ व्यावसायिक शुल्क | | २५०० |
| २७ | आमा समुह दर्ता | | ५०० |
| २८ | आमा समुह नविकरण | | १०० |
| २९ | संघ संस्था तथा युवा क्लव नविकरण | | ५०० |
| ३० | श्रम सहकारी संस्था | | ५०० |
| ३१ | इन्सच्युट, ट्युसन सेन्टर | | ५००० |

| | | | |
|---|---|---|---|
| ३२ | सीलेण्डर ग्यास विक्री केन्द्र | | १००० |

**नोटःएकल महिला र अपाङ्गको हकमा फर्मदर्ता तथा नविकरणमा ५० प्रतिशत छुट गरिने छ ।**

## अनुसूची (५)

| जडिबुडी कर व्यावशायिक प्रयोजन | | |
|---|---|---|
| क्र.सं. | किसिम | कर रु |
| १ | जडीबुढी संकलन तथा सिफारिस दस्तुर | १०० |
| जीवजन्तु कर व्यावशायिक प्रयोजन | | |
| क्र.सं. | किसिम | कर रु |
| १ | प्रति भैंसी राँगा आयात निर्यात | २५० |
| २ | प्रति खसी बाख्रा | ४० |
| ३ | प्रति खच्चर | २५० |

| कवाडी कर | | |
|---|---|---|
| क्र.सं. | किसिम | कर रु |
| १ | प्रति क्विन्टल | २० |
| २ | कवाडी (.टेण्डर कोटेशन) मार्फत | २ प्रतीशत |

| विज्ञापन कर | | |
|---|---|---|
| क्र.सं. | किसिम | कर रु |

| | | |
|---|---|---|
| १ | प्रतिहोडिंग बोर्ड प्रति वर्ग फिट | ५० |
| २ | रंगिन विज्ञापन फ्लेक्स प्रति वर्गफिट | २५ |
| ३ | अन्य पोष्टर पम्पलेट प्रति वर्ग मिटर | १० |

**अनुसूची (६)**

| मनोरञ्जन कर | | |
|---|---|---|
| क्र.सं. | किसिम | कर रु |
| १ | प्रति सांगितिक महोत्सव | १५०० |
| २ | प्रति खेलकुद कार्यक्रम | २००० |

**अनुसूची (७)**

| बहाल विरौटी कर | | |
|---|---|---|
| क्र.सं. | किसिम | वार्षिक कर रु |
| १ | हाट बजारमा आएको प्रति पसल | १००० |
| २ | फेरीमा सामान बेच्ने प्रति व्यक्ति(घुमन्ते समान बेच्ने) | १००० |

**अनुसूची (८)**

| सेवाशुल्क दस्तुर तथा सिफारिस सम्बन्धी | | |
|---|---|---|
| **सि नं** | **विवरण** | **दर** |
| १ | घर जग्गा नामसारी सिफारिस | १५० |
| २ | घर कायम सिफारिस | १०० |
| ३ | छात्र बृत्ति सिफारिस | ० |
| ४ | विपन्न विद्यार्थी छात्र बृत्ति सिफरिस | ० |
| ५ | अपांग सिफारिस | ० |
| ६ | अस्थायी बसोवास सिफारिस | १०० |
| ७ | स्थायी वसोवास सिफारिस | १५० |

| | | |
|---|---|---|
| ८ | नागरिकता सिफारिस | १०० |
| ९ | नागरिकता र प्रतिलिपि सिफारिस | १५० |
| १० | अंगिकृत नागरिकता सिफारिस | ५०० |
| ११ | आर्थिक अवस्थाकमजोर वा विपन्नता प्रमाणित | ० |
| १२ | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | २५०० |
| १३ | विद्युत जडान सिफारिस | १०० |
| १४ | धारा जडान सिफारिस | ५० |
| १५ | जिवित रहेको सिफारिस | १०० |
| १६ | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस/ फरक जन्ममिति संशोधन सिफारिस | १०० |
| १७ | जग्गा मूल्याङ्कन सिफारिस र प्रमाणित | ५०० |
| १८ | व्यवसाय वन्द सिफारिस | १०० |
| १९ | व्यवसाय सञ्चालन नभएको सिफारिस | १०० |
| २० | व्यापार व्यवसाय नभएको सिफारिस | १०० |
| २१ | कोट मिनाहा सिफारिस | ५० |
| २२ | नावालक परिचयपत्र सिफारिस | १०० |
| २३ | चौपाया सम्बन्धी सिफारिस | १०० |
| २४ | व्यवसायदर्ता वासिफारिस | १००० |
| २५ | उद्योग ठाउँ सरी सिफारिस | ५०० |
| २६ | विद्यालय ठाउँ सरी सिफारिस | ५०० |
| २७ | आन्तिरिक बसाइँसराई सिफारिस | १०० |
| २८ | व्यक्तिगत विवरण सिफारिस | १०० |
| २९ | जग्गादर्ता सिफारिस | १०० |
| ३० | संरक्षक सिफारिस (व्यक्तिगत) | १०० |
| ३१ | संरक्षक सिफारिस (संस्थागत) | ५०० |
| ३२ | नेपाल सरकारको नाममा बाटो कायम सिफारिस | १०० |
| ३३ | जिवित संगको नाता प्रमाणित | १०० |

| | | |
|---|---|---|
| ३४ | मृतक संगको नाता प्रमाणित | १०० |
| ३५ | कोठा खोल्ने कार्य/ रोहवरमा वस्ने कार्य | १०० |
| ३६ | निशुल्कवा सशुल्क स्वास्थ्यउपचार सिफारिस | ० |
| ३७ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाइ पठाउने कार्य | १०० |
| ३८ | संस्थादर्ता सिफारिस | ५०० |
| ३९ | घरबाटो प्रमाणित | १०० |
| ४० | चार किल्ला प्रमाणित | २०० |
| ४१ | जन्ममिति प्रमाणित | १०० |
| ४२ | विवाह प्रमाणित | १०० |
| ४३ | कागज मन्जुरीनामा प्रमाणित | १०० |
| ४४ | हकवाला वाहकदार प्रमाणित | १०० |
| ४५ | अविवाहित प्रमाणित | १०० |
| ४६ | जग्गा रेखाङ्कनको कार्य वा सो कार्यमा रोहवर | १०० |
| ४७ | जग्गा धनीपूर्जा हराएको सिफारिस | १०० |
| ४८ | पूर्जामा घर कायमगर्ने सिफारिस | १५० |
| ४९ | अंग्रेजी सिफारिस तथा प्रमाणित | ५०० |
| ५० | न्यायिक समिति उजुरी दर्ता | २०० |
| ५१ | जन्मदर्ता | १०० |
| ५२ | मृत्यु दर्ता | १०० |
| ५३ | वसाई सराई आउने/जाने दर्ता | १०० |
| ५४ | पक्की घरको सर्जमिनवापत | १०० |
| ५५ | अन्य सवै प्रयोजनको सर्जमिनवापत | १०० |
| ५६ | अचल सम्पत्ति मूल्यांकन | २५०० |
| ५७ | दम्पतीको हकमा ६ लाख सम्म वार्षिक आय प्रमाणित | १५०० |
| ५८ | रकम कलम उठाई असुल गरिदिएवापत | १०० |
| ५९ | सम्वन्ध विच्छेद दर्ता | ५०० |

| | | |
|---|---|---|
| ६० | विवाह दर्ता | १०० |
| ६१ | व्यवसायन विकरण | ५०० |
| ६२ | उल्लेखित बाहेक अन्य | १०० |
| ६३ | सिफारिस (संस्थागत) | १०० |
| ६४ | सिफारिस (व्यक्तिगत) | १०० |
| ६५ | प्रमाणित (संस्थागत) | १०० |
| ६६ | प्रमाणित (व्यक्तिगत) | १०० |
| ६७ | संशोधन | १०० |
| ६८ | व्यक्तिगत घटना दर्ता प्रतिलिपि | २०० |
| ६९ | आन्तरिक योजना सम्पन्न सिफारिस | २०० |
| ७० | बाह्य योजना सम्पन्न सिफारिस | ५०० |
| ७१ | सन्दियार खुलाउने | २०० |
| ७२ | सैलुन पसल संचालन | ५०० |
| ७३ | व्युटीपार्लर पसल सञ्चालन | ५०० |
| ७४ | विज्ञापन कर | १०००० |

अनुसुची (९)

| सि.न. | विवरण | कर रु.वार्षिक |
|---|---|---|
| १. | घनमिटरमा उल्लेख भएका ठुला आयोजनाहरु प्रति घनमिटर बालुवा | ५०० |
| २. | साना आयोजना प्रति कट्ठा बालुवा | १० |
| ३. | घनमिटरमा उल्लेख भएका ठुला आयोजनाहरु प्रति घनमिटर गिट्टी | ४५० |
| ४. | साना आयोजना प्रति कट्ठा गिट्टी | १० |

**अपिहिमाल गाउँपालिका भित्रका रोडी बालुवा गिट्टी ढुंगाको कर निर्धारण गर्न गाउँ कार्यपालिकाले कार्यविधि निर्माण गरि बोलपत्र आह्वान मार्फत गरिनेछ ।**

**<u>आज्ञाले</u>**

नाम:-लक्ष्मण सिंह धामी

पद:- प्र.प्र.अ